# श्री मालपोत कार्यालय चितवन,भरतपुरबाट प्रकाशित भएको

## मोही लगत कट्टाको हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना ।

चितवन जिल्ला जुटपानी गा.वि.स.वडा नं.१ बस्ने यस बहादुर तमाङको नाति वागविर तमाङको छोरा सोम बहादुर तमाङले निजको नाममा दर्ता कायम रहेको साविक पिठुवा वडा नं.६ को कित्ता नं.२१३७ ज.वि.०-०-८ को जग्गामा जग्गाधनिको प्रमाण पुर्जा र श्रेष्तामा मोही महलमा मोहीको नाम कुल बहादुर तमाङ पिठुवा — ६ भएको । निज मोही कुल बहादुर तमाङले उक्त जग्गा जोत कोट नगरी हाल सम्म पनि कहा छन थाहा नभएको । निजको हकदार श्रीमती र छोराछोरीहरु पनि कहा छन थाहा नभएको र उक्त जग्गा म जग्गाधनी सोम बहादुर तमाङले एकलौटी रुपमा कमाई गरी खाई आएको हुँदा मेरा नाममा रहेको उल्लेखित कि.नं.र क्षेत्रफलको जग्गामा रहेको मोही कुल बहादुर तमाङको नाम कट्टा गरी मेरो एकलौटी हक कायम गरी पाउँ भनी सोम बहादुर तमाङको यस कार्यालयमा निवेदन परी मिति २०८२/०८/१० को आदेशानुसार यो मोही लगत कट्टाको हक दावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यसमा निवेदकको माग बमोजिम माथि उल्लेखित कित्तामा उल्लेख भएको मोही कुल बहादुर तमाङ पिठुवा -६ उल्लेख भएका व्यक्ति कहि कतै भए वा निजको हकदार श्रीमती / छोराछोरीहरु कही कतै भए वा माथि उल्लेखीत कि.नं.का जग्गा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा उक्त जग्गा निजको माग बमोजिम मोही लगत कट्टा गर्दा कहि कतै कसैलाई असर पर्ने भए वा व्यक्ति विशेषको जग्गाहरु घुसेघुसाईएको भए वा सरकारी,सार्वजनिक जग्गा, मठमन्दिर, बाटो घाटो, गुम्बा, चैत्य, बन जंगल लगाएतका अन्य जग्गाहरु घुसेधुसाईएको भए वा सरकारी जग्गा गौचरण पर्ने भए यो सूचना प्रकाशित भएको मितिले बाटो म्याद बाहेक ३५ दिन भित्रमा स-प्रमाण मालपोत कार्यालय भरतपुर चितवनको मुद्दा/ प्रशासन शाखामा स्वयम व्यक्ती उपस्थित भई दावी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गाईन्छ ।

तपशिल

| क्र. सं. | जग्गा धनिको नाम | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम थर | मोहीको ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | सोम बहादुर तमाङ | पिठुवा | ६ | २१३७ | ०-०-८ | कुल बहादुर तमाङ | पिठुवा-६ |

ईति सम्बत् २०८२ साल मंशिर ११ गते रोज ५ शुभम् ।